
# नेपाल सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धी व्यवस्थाहरूको अध्ययन तथा विश्लेषण

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
(एनसिई नेपाल) जेठ, २०८२



NCE NEPAL




अनुसन्धान तथा विश्लेषण

© एनसिई नेपाल

प्रकाशित मितिः मे २०२५

डिजाइन/उत्पादन : पेन्टाग्राम प्रा.लि.

business.pentagram@gmail.com

# विषयसूची


पृष्ठभूमि १

आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धी व्यवस्थाहरु २

नेपाल सरकारको आ.व २०८२/८३ को नीति तथा कार्यक्रमका शिक्षा सम्वन्धी प्राथमिकताहरू ३

गुणस्तरीय शिक्षामा पहुँच ४

प्राविधिक र व्यावसायिक शिक्षा ५

सामुदायिक र संस्थागत विद्यालयहरू ६

प्रविधिमैत्री (डिजिटल) र दूर शिक्षा ७

शिक्षक विकास ८

Cross cutting विषयवस्तुहरु ९

बालसंरक्षण र विकास १०

युवा सशक्तीकरण ११

महिला सशक्तीकरण १२

दिगो विकास लक्ष्यहरुको कार्यान्वयन र अनुगमन १३

निष्कर्ष १४

# पृष्ठभूमि

नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, समावेशी विकास, सुशासन, सामाजिक न्याय, र दिगो समृद्धिको मार्गचित्रका रूपमा आएको छ। यो नीति तथा कार्यक्रमले विगतका वर्षहरूमा देखिएका कार्यान्वयनका चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयास गरेता पनि अझै केही संरचनागत र कार्यगत कमजोरीहरू विद्यमान छन्। विशेष गरी शिक्षा, बालबालिका, युवा, लैंगिक समानता, र संघीयताको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा स्पष्ट रणनीति र स्रोत परिचालनको अभाव देखिन्छ।

आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको विश्लेषणबाट देखिएअनुसार, संघीय सरकार तथा अधिकांश प्रदेश सरकारहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, लैंगिक समानता र बाल अधिकारमा नीति तर्जुमा गरे पनि कार्यान्वयन पक्ष कमजोर रहेको छ। त्यसैको निरन्तरतामा २०८२/८३ को नीति तथा कार्यक्रममा पनि धेरैजसो प्रतिबद्धता दोहोरिएका छन् तर तिनको कार्यान्वयनका लागि आवश्यक स्रोत, संरचना र अनुगमन संयन्त्रको स्पष्ट खाका प्रस्तुत गरिएको छैन ।

संघीयताको सन्दर्भमा प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी नीति कार्यान्वयन गर्ने भनिए पनि विगतका वर्षहरूमा देखिएको दोहोरोपन, स्रोत अभाव र स्पष्ट कार्यविभाजनको अभाव यस वर्ष पनि दोहोरिन सक्ने सम्भावना छ। यस्तै विषयहरुलाई अध्ययन गरी अब बन्ने सरकारको बजेट साथै प्रदेश तथा स्थानीय सरकारका नीति तथा कार्यक्रमहरुमा के कस्ता विषयवस्तुहरुलाई समेट्न जरुरी छ भन्ने विषयलाई ध्यानाकर्षण गर्नका निमित्त यस अध्ययन सामग्री तयार गरिएको छ।

## आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धी व्यवस्थाहरु

१. शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी बनाइनेछ। विद्यालय शिक्षाको शासकीय सुधारको दीर्घकालीन मार्गचित्र तयार गरी पुनर्संरचना गरिनेछ। विद्यालय शिक्षा सुधारका लागि कानुनी, नीतिगत र संस्थागत सुधार गरिनेछ। विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई यसै अधिवेशनबाट पारित गरिनेछ। संवत् २०८४ भित्र सबै बालबालिकाको आधारभूत शिक्षा पाउने व्यवस्था गरिनेछ।

२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई परिमार्जन गरी राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको रुपमा सुदृढ गरिनेछ। विद्यमान शिक्षा पद्धतिलाई आधुनिक, विज्ञान-प्रविधिमैत्री र अनुसन्धान अन्वेषण लक्षित बनाइनेछ।

३. विद्यालय शिक्षा पूरा गर्नासाथ विद्यार्थीहरुको ग्रेडिङको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा प्रवेश गराइनेछ। प्राविधिक शिक्षाको धारलाई विश्वविद्यालय तहसम्म पुर्याइनेछ।

४. संस्थागत - सामुदायिक विद्यालय साझेदारी कार्यक्रम लागु गरी संस्थागत विद्यालयहरुको समेत सहभागितामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ।

५. संस्थागत एवम् सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरुपता ल्याइनेछ। सबैको पहुँच सहितको भर्चुअल शिक्षण प्रणाली, विद्यार्थी परामर्श प्रवन्ध, अन्तरक्रियात्मक ई-लर्निङ सामग्रीको डिजिटल प्लेटफर्म व्यवस्था तथा शिक्षक मेन्टरिङमा आधारित आकर्षक शिक्षण कलामा सघन तालिमको व्यवस्था गरिनेछ।

६. स्थानीय तहदेखि केन्द्रसम्म सरकारी सेवामा इन्टर्नलाई प्रयोग गरिनेछ। स्नातक तहभन्दा माथिका विद्यार्थीहरुलाई विभिन्न अनुसन्धान संस्थामा आवद्ध गरिनेछ। बढीमा हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी "कमाउँदै -पढ्दै" को नीति लागु गरिनेछ।

७. विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी आवासीय विद्यालयहरु खोलिनेछ। निजी विद्यालयका लागि राष्ट्रिय नियमन मापदण्ड जारी गर्ने, शिक्षक दरबन्दीको पुनरावलोकन गर्ने, विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्कको स्थापना गर्ने, शिक्षकको राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने तथा शिक्षक किताबखानाका काम प्रणालीगत रुपमा क्रमशः प्रदेश सरकारलाई हस्तान्तरण गरिनेछ।

८. उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाइनेछ। विश्वविद्यालयहरुको शासकीय प्रणालीमा सुधार गरिनेछ। शैक्षिक गुणस्तरको राष्ट्रिय मानक तयार गरी स्थानीय, प्रदेश र राष्ट्रिय स्तरमा सिकाइ उपलब्धि परीक्षण गरिनेछ।

९. विश्वविद्यालय अनुदान प्रणालीमा सुधार गरी यसलाई विद्यार्थी संख्या, गुणस्तर र संस्थाको दिगोपनको आधारमा वितरण गरिनेछ। सामुदायिक क्याम्पसमा अध्यापनरत शिक्षकहरुको वृत्ति विकास र पद वर्गीकरणका आधार तयार गरी विश्वविद्यालयका अन्य शिक्षक सरह अनुकूल हुने व्यवस्था मिलाइनेछ।

१०. वैज्ञानिक अनुसन्धान र प्रविधिको विकासका लागि सार्वजनिक, निजी र शैक्षिक क्षेत्रबिच सहकार्यको वातावरण बनाइनेछ। सार्वजनिक क्षेत्रका सबै थिङ्क ट्याङ्क संस्था र अनुसन्धान केन्द्रहरुलाई समन्वयात्मक ढङ्गले अघि बढाइ नीति निर्माणमा पृष्ठपोषण गराइनेछ। साइवर सेक्युरिटी, डाटा सुरक्षा, एप डेभलप्मेण्ट तथा सुदृढीकरण र त्यससँग जोडिएका प्रणालीलाई समन्वयात्मक तवरबाट अघि बढाइनेछ।

११. बौद्धिक सम्पत्ति, नवप्रवर्तन र अनुसन्धानलाई परम्परागत ज्ञान, सिप र समुदायसँग जोडिनेछ। संघ, प्रदेश, स्थानीय तह र निजी शैक्षिक संस्थाको समन्वयमा वैज्ञानिक जनशक्ति उत्पादन र अनुसन्धान संस्थागत गरिनेछ।

## शिक्षा सम्बन्धी अन्य व्यवस्थाहरु

१. अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडी र उनीहरुका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।
२. उत्पीडित तथा सिमान्तकृत समुदायलाई चिकित्सा शिक्षामा आरक्षणको व्यवस्था मिलाइनेछ।

## नेपाल सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमका शिक्षा सम्बन्धी प्राथमिकताहरू

नेपाल सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमहरूले शिक्षा, स्वास्थ्य, कृषि, पर्यावरण संरक्षण, पूर्वाधार विकास र सूचना प्रविधिमा विकास जस्ता लक्ष्यहरु बोकेको छ। यद्यपि यी लक्ष्यहरू प्राप्त गर्न तथा सरकारले नीतिको कार्यान्वयनमा रहेका खाडलहरूलाई सम्बोधन गर्नका निमित्त पर्याप्त वित्त पोषणको सुनिश्चितता सँगसँगै अनुगमन र मूल्याङ्कन संयन्त्रहरू सुदृढ बनाउन अपरिहार्य छ। यसो गर्दा, नेपालले सबैका लागि शिक्षाको अधिकार सुनिश्चित गर्न, महिलाहरू र युवाहरूलाई सशक्त बनाउन र दिगो विकास लक्ष्यहरू प्राप्त गर्न महत्वपूर्ण प्रगति गर्न सक्दछ।

उक्त नीति तथा कार्यक्रमले सार्वजनिक शिक्षाको सुदृढीकरण गरी सबैका लागि शिक्षा अधिकारको सुनिश्चितताका निमित्त गरेका प्रावधानहरु निम्नानुसार वर्णन गरिएको छ।

## गुणस्तरीय शिक्षामा पहुँच

नेपाल सरकारले २०८२/८३ को लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा शिक्षा सबैका लागि पहुँचयोग्य बनाउने र विद्यालय शिक्षा सुधार गर्नेमा जोड दिएको भनिएको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई राष्ट्रिय शैक्षिक सुधार कार्यक्रममा परिमार्जन गर्नु सकारात्मक कदमको रुपमा लिन सकिन्छ। यद्यपि विगतका वर्षहरुमा जस्तै यस वर्षको नीति तथा कार्यक्रममा पनि ठोस रुपमा शैक्षिक रुपान्तरणको योजना खासै देखिएको छैन।

नेपाल सरकारको २०८१ को फ्ल्यास रिपोर्टका आधारमा अझै पनि कक्षा १ मा भर्ना भएका करिब ३९ प्रतिशत विद्यार्थी मात्र माध्यमिक तहमा पुग्ने गरेका छन् र त्यसमा पनि माध्यमिक तह उत्तीर्ण गरी उच्च शिक्षाका निमित्त जाने बालबालिकाहरु करिब ४० प्रतिशत मात्र रहेका छन्। यसमा विषेश गरी महिला, अपांगता भएका तथा सिमान्तकृत समुदायका बालबालिकाहरुनै विद्यालय वाहिर हुने गरेका छन्।

तसर्थ बालबालिकाका लागि निःशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गर्न विषेश उपायहरुको अभाव यस वर्षको कार्यक्रममा पनि यथावत नै छ। यसका लागि

- निःशुल्क शिक्षाको लागि स्पष्ट नीतिहरु परिभाषित गर्न जरुरी छ। यसका निमित्त विद्यालय शिक्षा ऐन अत्यावश्यक देखिन्छ।
- सबै बालबालिका विशेष गरी सिमान्तकृत तथा जोखिममा परेका बालबालिकाहरुका लागि गुणस्तरीय शिक्षामा निःशुल्क पहुँच सुनिश्चितताका निमित्त विषेश कार्यक्रम र पर्याप्त बजेट विनियोजन गर्नुपर्दछ।
- शैक्षिक सुधारहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको सुनिश्चित गर्न अनुगमन र मूल्याँकनका संयन्त्रहरु सुदृढ गर्नुपर्दछ।

## प्राविधिक र व्यावसायिक शिक्षा

प्राविधिक शिक्षालाई विश्वविद्यालय स्तरसम्म विस्तार गर्नु र विद्यार्थीहरूलाई उनीहरूको ग्रेडिङको आधारमा प्राविधिक र व्यावसायिक शिक्षामा भर्ना गर्नु सकारात्मक दृष्टिकोण हो। तर हाल सम्म पनि माध्यमिक तहका करिब ७.४ प्रतिशत विद्यालयहरुले मात्र प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्न सक्ने तथ्य सरकारको फ्ल्यास रिपोर्ट २०८१ ले देखाएको छ। उक्त विद्यालयहरुमा पनि अधिकतम ४८ जना विद्यार्थीहरुको कोटा रहने गरेको छ। विद्यार्थीहरु प्राविधिक शिक्षातर्फ आकर्षित भइरहँदा पनि सरकारको वजेटमा सो शिक्षालाई विस्तार गर्ने योजना भने प्राथमिकतामा खासै देखिँदैन।

प्राविधिक र व्यावसायिक शिक्षाका लागि आवश्यक पूर्वाधार जस्तै प्रयोगशाला, उपकरण र प्रशिक्षकको अभावले योजना प्रभावकारी रूपमा कार्यावयन गर्न कठिनाइ उत्पन्न गर्न सक्दछ। योग्य प्राविधिक शिक्षकहरूको अभावले शिक्षाको गुणस्तरमा कमी ल्याउन सक्दछ।

**तसर्थ, सरकारको नीति तथा कार्यक्रमले**

- प्राविधिक र व्यावसायिक शिक्षालाई विद्यमान शिक्षा प्रणालीमा कसरी एकीकृत गरिनेछ भन्ने बारे योजना बनाउन जरुरी देखिन्छ।
- साथै, व्यावसायिक तालिम सबै सामाजिक तथा आर्थिक पृष्ठभूमिका विद्यार्थीहरूलाई पहुँचयोग्य बनाउनतर्फ सरकारको कार्यक्रम लक्षित हुनुपर्दछ।

## सामुदायिक र संस्थागत विद्यालयहरू

सामुदायिक विद्यालयहरूको गुणस्तरलाई संस्थागत विद्यालयहरूको सहभागितासँगै सुधार गर्नु संविधान विपरित मात्र नभई सरकारले विभिन्न अन्तर्राष्ट्रिय मंचहरुमा विद्यालय शिक्षालाई निःशुल्क, गुणस्तरीय, समतामूलक र समावेशी बनाउने भनी गरेको प्रतिवद्धताको बिलकुल विपरित रहेको छ। यसरी गरिएको साझेदारीले शिक्षा राज्यको दायित्व नभएको प्रष्ट आँकलन गर्न सकिन्छ। संविधानको धारा ५१ (ज) मा निजी लगानीका विद्यालयलाई सेवामूलक बनाउने व्यवस्था रहेतापनि पटक पटक विद्यालय शिक्षा ऐन ल्याउन नसक्नु र सरकारको नीति तथा कार्यक्रममा यस साझेदारीको कार्यक्रम ल्याउनुले सरकारले आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको आँकलन गर्न सकिन्छ।

यस प्रावधानले सामुदायिक विद्यालयको गुणस्तर सुधार भन्दा संस्थागत विद्यालयको सक्रियता हाबी हुने, सामुदायिक विद्यालय अझ धरासायी बन्ने र शिक्षा निजीकरणको दिशातर्फ उन्मुख हुने ठुलो जोखिम देखिन्छ।

सार्वजनिक शिक्षामा पर्याप्त बजेटको अभावमा आर्थिक अवस्था कमजोर भएका सार्वजनिक विद्यालयहरुले विभिन्न आयआर्जनका उपायहरु अपनाइरहेका छन्। विद्यालय व्यवस्थापनको ध्यान गुणस्तर भन्दा पनि कसरी विद्यालयलाई आर्थिक रुपमा सबल वनाउने भन्नेमा रहेको छ। अंग्रेजी भाषा, प्रविधिमैत्री कक्षाकोठा र अन्य सुविधाहरु सुनिश्चित गर्नका निमित्त विद्यालयले हालपनि विभिन्न शीर्षकमा विद्यार्थीहरुबाट रकम असुली गरिरहेको छ। यस अवस्थामा अझ संस्थागत विद्यालयको सहभागिताले निःशुल्क शिक्षाको जड नै डगमगाउँछ।

तसर्थ, सरकारको यो योजनालाई तुरुन्त परिमार्जन गर्न अत्यावश्यक देखिन्छ। साथै शिक्षामा भईरहेको निजीकरणलाई अन्त्य गर्दै बढीमा १० वर्षभित्रमा निजी विद्यालयहरुलाई गुठीमा लैजाने कार्यक्रम ल्याउनुपर्दछ।

## प्रविधिमैत्री (डिजिटल) र दूर शिक्षा

भर्चुअल शिक्षण प्रणाली, डिजिटल प्लेटफर्महरू र अन्तरक्रियात्मक ई-लर्निङ सामग्रीहरूमा ध्यान केन्द्रित गर्नु शिक्षा आधुनिकीकरणको लागि महत्वपूर्ण छ। तर फ्ल्यास रिपोर्ट २०७९का अनुसार, जम्मा ३५,५२० सामुदायिक विद्यालयहरूमा मात्र सूचना तथा सञ्चार प्रविधि सामग्रीको पहुँच थियो। तीमध्ये ३५.८% विद्यालयमा रेडियोको पहुँच, २४.२% मा टेलिभिजन, १५.६% मा कम्प्युटर (जसमध्ये धेरैजसोमा इन्टरनेट थिएन) र १९.३% मा डिजिटल शिक्षण पोर्टलको पहुँच थियो। विद्यालयहरूमा कम्प्युटर र इन्टरनेटको केही हदसम्म पहुँच भए पनि, विद्यार्थी र शिक्षकहरूद्वारा यसको वास्तविक प्रयोग न्यून देखिएको छ। अधिकांश विद्यालयहरूमा कम्प्युटरको प्रयोग केवल कम्प्युटर विषय पढाउन सीमित गरिएको छ, र केवल थोरै शिक्षकहरू मात्र कम्प्युटर चलाउन दक्ष छन्।

त्यसैगरी, योग्य कम्प्युटर शिक्षकहरूको पनि ठुलो अभाव रहेको छ। प्रायः सक्रिय कम्प्युटरहरू मोडल सामुदायिक विद्यालयहरूमा केन्द्रित छन्, जहाँका शिक्षकहरूले प्रोजेक्टर, पावरप्वाइन्ट जस्ता मल्टिमिडिया उपकरणहरू प्रयोग गर्ने सम्भावना बढी हुन्छ तर अन्य विद्यालयहरूमा यस्तो अभ्यास निकै कम देखिन्छ। अझै, ६४.३% शिक्षकहरूले कक्षाकोठामा उक्त उपकरणको अभाव भएकोले डिजिटल उपकरणहरूलाई शिक्षणमा समावेश गर्न नसकेको मुख्य कारण भएको बताएका छन्।

**यस सन्दर्भमा सरकारले**

- सबै विद्याथीहरू विशेष गरी दुर्गम र सेवा नपुगेका क्षेत्रका विद्याथीहरूलाई आवश्यक प्रविधि र इन्टरनेट जडानमा पहुँच सुनिश्चित गर्नुपर्दछ।
- डिजिटल विभाजनलाई सम्बोधन गर्न विशेष उपायहरू हुनुपर्दछ।

## शिक्षक विकास

यस वर्षको नीति तथा कार्यक्रममा निजी विद्यालयहरूको लागि राष्ट्रिय नियामक मापदण्डहरू स्थापना गर्नु, स्वीकृत शिक्षक पदहरूको संख्या पुनरावलोकन गर्नु र विश्वविद्यालयहरूसँग मिलेर शिक्षक बैंक स्थापना गर्नु सकारात्मक कदमहरू हुन्।

- यी पहलहरू कसरी कार्यान्वयन गरिनेछ भन्ने बारे थप विवरणहरू प्रदान गर्नुपर्दछ।
- शिक्षकहरूको निरन्तर व्यावसायिक विकासमा ध्यान दिनुपर्दछ र उनीहरूलाई आवश्यक स्रोतहरू र समर्थनमा पहुँच सुनिश्चित गर्नुपर्दछ।

# Cross cutting विषयवस्तुहरु

## बाल संरक्षण र विकास

बालबालिकाको शारीरिक र मानसिक विकास सुनिश्चित गर्नु, परिवार पुनर्मिलन, सामाजिक पुनःएकीकरण र सडक बालबालिकाको लागि वैकल्पिक हेरचाहको व्यवस्था गर्नु सकारात्मक पहलहरू हुन् ।

तर बाल संरक्षण सेवाहरूको अभाव र बाल संरक्षण सेवाहरू र पूर्वाधारमा अपर्याप्त लगानीले बालबालिकाको शारीरिक र मानसिक विकासमा असर पार्न सक्छ ।

तसर्थ सरकारले बाल संरक्षण सेवाहरू र पूर्वाधारमा लगानी सम्बन्धी ठोस कार्यक्रम ल्याउन जरुरी छ । सबै बालबालिकालाई विशेष गरी अपाङ्गता भएका बालबालिकालाई समावेशी शिक्षामा पहुँच सुनिश्चित गर्न विशेष उपायहरू हुनुपर्दछ ।

## युवा सशक्तीकरण

युवाहरूलाई आर्थिक र सामाजिक रूपान्तरणको प्रमुख शक्तिको रूपमा परिचालन गर्नु, स्वयंसेवकता र अखण्डताको भावना विकास गर्नु र नियमित खेलकुद गतिविधिहरू र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरूको आयोजना गर्नु सकारात्मक कदमहरू हुन् । यद्यपि सरकारले तीव्र रूपमा परिवर्तन भइरहेका युवाहरूका आवश्यकता सम्बोधन गर्न सकेको छैन । आ.व. २०७९/८० मा ७,५०,००० भन्दा बढी युवाहरू नेपालबाट बाहिरिएका थिए र अझै पनि दैनिक झण्डै २,००० जना युवा विदेशिने गरेका छन् । ती मध्ये ४% मात्र उच्च शिक्षाका लागि र झण्डै ८०% रोजगारीका लागि विदेश जाने गरेका छन् ।

**यस युवाशक्तिलाई देशमै राख्न सक्ने वातावरण प्रदान नभएसम्म देशको उन्नती सम्भव छैन । यसका निमित्त सरकारले**

- युवाहरूलाई नेतृत्व र निर्णायक भूमिकामा थप अवसरहरू प्रदान गर्न ध्यान दिनुपर्छ ।
- युवा बेरोजगारीलाई कम गर्न व्यावसायिक तालिम र रोजगार कार्यक्रमहरू विस्तार गर्नु महत्वपूर्ण छ ।

## महिला सशक्तीकरण

यस वर्षको नीति तथा कार्यक्रमले महिलाहरूको उत्थान र सशक्तीकरणमा विशेष ध्यान दिनु, हिंसा, शोषण र भेदभाव अन्त्य गर्नु र आर्थिक तथा सामाजिक रुपमा विपन्न महिलाहरुको आर्थिक सशक्तिकरणका लागि वित्तीय पहुँच र उद्यमशीलता विकास गर्नु सकारात्मक पहलहरू हुन् । साथै मानव तस्करी र तस्करीमा शून्य सहनशीलता नीति अपनाउनु र लैंगिक हिंसाका पीडितहरूलाई तत्काल संरक्षण, उपचार, मनोसामाजिक परामर्श र छिटो न्यायिक निर्णयमार्फत पुनर्स्थापना गर्नु सकारात्मक कदमहरू हुन् ।

उक्त नीति गत वर्ष पनि थियो र नीति राम्रो भए पनि स्थानीय तहमा महिला लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन भने सकेका छैनन् । ग्रामीण महिलाहरूको पहुँच अझै पनि सूचना, स्रोत र सेवा प्रणालीमा सीमित छ । पितृसत्तात्मक सोच, परम्परागत मान्यता र सामाजिक दबाबका कारण महिलाहरूले आफ्नो अधिकार अझपनि प्रयोग गर्न सक्दैनन् ।

लैंगिक हिंसाविरुद्धको नीति व्यवहारमा लागू गर्न समाजको सोच परिवर्तन गर्नुपर्ने आवश्यकता छ । सरकारको नीति तथा कार्यक्रमले उजागर गरेका पहलहरू कसरी कार्यान्वयन गरिनेछ भन्नेबारे थप विवरणहरू प्रदान गर्नुपर्छ । साथै उक्त कार्यक्रमका निमित्त पर्याप्त बजेट विनियोजन पनि गर्नुपर्दछ ।

- लैंगिक हिंसाबारे जागरूकता र शिक्षा बढाउन र पीडितहरूलाई आवश्यक समर्थन सेवाहरूमा पहुँच सुनिश्चित गर्न ध्यान दिनुपर्छ ।
- सबै महिलाहरूलाई विशेष गरी ग्रामीण क्षेत्रका महिलाहरूलाई शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरहरूमा पहुँच सुनिश्चित गर्नुपर्छ ।
- महिलाहरूको अधिकारको संरक्षण गर्न र लैंगिक हिंसालाई प्रभावकारी रूपमा सम्बोधन गर्न कानूनी ढाँचाहरू र कार्यान्वयन संयन्त्रहरू सुदृढ गर्नुपर्छ ।
- तीनै तहका सरकारहरुका बजेट लैंगिक समावेशीतालाई ध्यान राखी निर्माण गर्नुपर्दछ ।

## दिगो विकास लक्ष्यहरुको कार्यान्वयन र अनुगमन

यस वर्षको सरकारको नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यहरू प्राप्त गर्नका निमित्त केही रणनीतिहरूलाई रेखाङ्कन गरेको छ जसमा रोजगार उन्मुख आर्थिक वृद्धि, संरचनात्मक रूपान्तरण र LDC स्नातक रणनीति कार्यान्वयन समावेश छ ।

सरकारले प्रत्येक SDG का लागि स्पष्ट लक्ष्यहरू, समयसीमा, र सूचकहरू सहित विस्तृत कार्य योजनाहरू विकास गर्नुपर्छ । प्रगति ट्र्याक गर्न र आवश्यक समायोजनहरू गर्न बलियो अनुगमन र मूल्याङ्कन प्रणालीहरू स्थापना गर्नु महत्वपूर्ण छ ।

## निष्कर्ष

नेपाल सरकारको २०८२ को नीति तथा कार्यक्रमहरूले शिक्षा, बालबालिका र युवा विकास, लैंगिक समानता र दिगो विकासमा बलियो जोडका साथ देशको विकासको लागि केही दृष्टिकोण प्रस्तुत गरेको छ। उक्त नीति तथा कार्यक्रमले शिक्षा क्षेत्रमा गुणस्तरीय र जीवनोपयोगी शिक्षाको पहुँच विस्तार गर्ने, प्राविधिक शिक्षालाई विश्वविद्यालय तहसम्म लैजाने र डिजिटल शिक्षालाई प्रवर्द्धन गर्ने उल्लेख गरे पनि सबैका लागि निःशुल्क र अनिवार्य शिक्षाको संवैधानिक अधिकार सुनिश्चित गर्ने स्पष्ट कार्ययोजना भने प्रस्तुत गरेको छैन ।

यस्तै, बालबालिका र युवाहरूलाई सामाजिक रूपान्तरणको प्रमुख शक्ति बनाउने भनिए पनि, उनीहरूको नेतृत्व विकास, रोजगारी सिर्जना, र संरक्षणका लागि ठोस कार्यक्रमको अभाव देखिन्छ। लैंगिक समानताको सन्दर्भमा महिला सशक्तीकरण र हिंसा विरुद्धको शून्य सहनशीलता नीति उल्लेखनीय भए पनि, ग्रामीण तथा सीमान्तकृत समुदायमा यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ ।

तसर्थ सार्वजनिक शिक्षाको सुधार गरी सबै बालबालिकाको निःशुल्क तथा अनिवार्य शिक्षा पाउने अधिकार सुनिश्चित गर्न आ.व. २०८२/८३ को तीनै तहका सरकारको बजेटमा कम्तीमा १५ देखि २० प्रतिशत लगानी सुनिश्चित गर्नुपर्दछ । यसका साथै यी कार्यक्रमहरुले आँकलन गरेका लक्ष्यहरू प्राप्त गर्नका निमित्त सरकारले नीतिको कार्यान्वयनमा रहेका खाडलहरूलाई सम्बोधन गर्न पर्याप्त वित्त पोषण सुनिश्चित गर्न र अनुगमन र मूल्याङ्कन संयन्त्रहरू सुदृढ गर्नुपर्छ । यसो गर्दा, नेपालले सबैका लागि शिक्षाको अधिकार सुनिश्चित गर्न, महिलाहरू र युवाहरूलाई सशक्त बनाउन र दिगो विकास लक्ष्यहरू प्राप्त गर्न महत्वपूर्ण प्रगति गर्न सक्दछ ।

## शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
बबरमहल, काठमाडौँ

फोन नं: ०१ - ५३२३४२० पोस्ट बक्स नं: १४४२१ वेभसाइट: www.ncenepal.org.np इमेल: info@ncenepal.org.np फेसबुक पेज: NCE Nepal